# चितवन महोत्सव-२०७८

२०७८ पौष २५ देखि माघ ४ गतेसम्म

# स्टल आवेदन फाराम

**फाराम आइपुग्नुपर्ने अन्तिम मिति: ३० मंसिर २०७८**

श्रीमान् संयोजकज्यू,
चितवन महोत्सव-२०७८
महोदय,

चितवन महोत्सव-२०७८ मा स्टल राखि सहभागी हुन निम्न विवरणका साथ आवेदन गर्दछु/गर्दछौं । चितवन महोत्सव-२०७८ का निर्णय तथा निर्देशनहरु पूर्णरुपमा पालना गर्दछु/गर्दछौं ।

संस्था/कम्पनी/फर्मको नाम: ______________________

ठेगाना: ______________________

फोन: ______________ फ्याक्स: ______________

ई-मेल: ______________ वेभसाईट: ______________

व्यवसायको किसिम: ______________ पूँजी: ______________

प्रोप्राइटर/साझेदार/प्रबन्धक/संचालकको नाम: ______________ फो./मो. (अनिवार्य) ______________

प्रमुख प्रतिनिधिको नाम: ______________ फो./मो. (अनिवार्य) ______________

प्रदर्शन गरिने उत्पादन वा वस्तुहरु: ______________________

आवश्यक स्टल संख्या: ______________ स्टलको किसिम: साधारण ☐ विशेष ☐

स्टल आरक्षण धरौटी नगद/चेक/ड्राफ्ट रु.: ______________

फर्म/कम्पनी/संस्थाको छाप: ☐

हस्ताक्षर : ______________
नाम : ______________
पद : ______________
मिति :

## स्टल भाडा दर

| | | | | | |
|---|---|---|---|---|---|
| १. | विशेष स्टल (Exclusive Stall) | रु.६०,०००।- | १३. | वाणिज्य बैंक | रु.२५,०००।- |
| २. | रु. ३ करोडभन्दा बढी अधिकृत पूँजी भएका व्यवसाय | रु.२५,०००।- | १४. | चिया तथा कफी मात्रको रेष्टुरेण्ट | रु.१५,०००।- |
| ३. | रु. ५० लाखभन्दा बढी रु. ३ करोडसम्म अधिकृत पूँजी भएका वयवसाय | रु.२०,०००।- | १५. | रेडिमेड/गारमेण्ट व्यवसाय | रु.२५,०००।- |
| ४. | रु. ५० लाखसम्म अधिकृत पूँजी भएका वयवसाय | रु.१७,०००।- | १६. | अटोमोवाईल्स | रु.३०,०००।- |
| ५. | रेष्टुरेण्ट व्यवसाय (आईसक्रिम राख्न नपाईने ) | रु.३०,०००।- | १७. | फेन्सी (व्याग, जुत्ता, चप्पल, कस्मेटीक) | रु.२०,०००।- |
| ६. | प्राइभेट हस्पिटल/मेडिकल कलेज | रु.१५,०००।- | १८. | डेरी/पोल्ट्री/कृषिजन्य वस्तु तथा जडिबुटी/पर्यटन | रु.१०,०००।- |
| ७. | सरकारी हस्पिटल तथा अन्य सरकारी कार्यालय | रु.७,०००।- | १९. | रियल स्टेट | रु.५०,०००।- |
| ८. | फ्लोरिकल्चर, नर्सरी तथा मौरीपालन व्यवसाय | रु.७,०००।- | २०. | गैर नाफामुलक संघ संस्था | रु.१०,०००।- |
| ९. | महिला उद्यमी तथा साना हस्तकला उद्योग | रु.७,०००।- | २१. | कृषि मेशिनरी | रु.१५,०००।- |
| १०. | आईसक्रिम उद्योग | रु.२५,०००।- | २२. | बहुराष्ट्रिय उत्पादन कम्पनी | रु.२५,०००।- |
| ११. | मनी ट्रान्सफर र सहकारी संस्था | रु.१०,०००।- | २३. | शैक्षिक संस्था, शैक्षिक परामर्श सेवा (निजी) | रु.२०,०००।- |
| १२. | बिकास बैंक / इन्स्योरेन्स क./फाइनान्स कं. | रु.१५,०००।- | २४. | पानीपुरी/खेलौना/चिनीफूला | रु.२०,०००।- |

**नोट:** क. व्यवसायिक रुपमा रेष्टुरेण्ट चलाएका व्यवसायीहरुलाई मात्र रेष्टुरेण्ट स्टल प्रदान गरिनेछ ।

ख. स्टल आरक्षण (Book) गर्दा आवेदन सहित लाग्ने भाडा तथा व्यानर शुल्क धरौटी स्वरुप बुझाउनु पर्नेछ ।

ग. छुट सुविधा (ग.१ र ग.२ मध्ये कुनै एक मात्र छुट सुविधा उपभोग गर्न पाईने छ ।
(ग.१) उद्योग वाणिज्य संघ-चितवनका सदस्यहरुलाई २० प्रतिशत र अन्य उद्योग वाणिज्य संघका सदस्यहरुका लागि १० प्रतिशत
(ग.२) दुई बटा स्टल आरक्षण गरेमा १० प्रतिशत, दुइ भन्दा बढी स्टल आरक्षण गरेमा १५ प्रतिशत

घ. उपरोक्त सूचीमा नपरेका अन्य प्रदर्शकहरुका लागि लाग्ने स्टल भाडा चितवन महोत्सव-२०७८ प्रदर्शक व्यवस्थापन समितिले निर्णय गरे अनुसार हुनेछ ।

ङ. स्टल प्रदान गर्ने वा नगर्ने अन्तिम अधिकार चितवन महोत्सव-२०७८, प्रदर्शक व्यवस्थापन समितिमा निहित रहनेछ ।

फाराम साथ संलग्न गर्नुपर्ने

१. व्यवसाय दर्ता प्रमाण-पत्र (दर्ता पुँजी खुलेको) र पान प्रमाण-पत्रको प्रतिलिपी
२. प्रदर्शक परिचय-पत्रको प्रयोजनार्थ प्रति स्टल ४ जना स्टल (विशेष स्टल बाहेक) प्रतिनिधिको नाम र १/१ प्रति पासपोर्ट साइजको फोटो
३. स्टल भाडा र व्यानर शुल्क

**सचिवालय**
**चितवन महोत्सव-२०७८**
उद्योग वाणिज्य संघ-चितवन
भमनपा-१, नारायणीमार्ग, नारायणगढ
फोन: ९७७-५६-५९६१०८, ५९६२०८, ५९६३०८
इमेल: info@ccichitwan.org.np, ccicchitwan@gmail.com
वेभसाईट: www.ccichitwan.org.np

(प्रदर्शक नियमावली पछाडि हेर्नुहोला)

# चितवन महोत्सव-२०७८, प्रदर्शक नियमावली

**महोत्सव सञ्चालन हुने:**

- मितिः २०७८ पौष २५ देखि माघ ४ गतेसम्म
- समयः बिहान १०:०० देखि साँझ ५:०० बजेसम्म
- स्थानः प्रदर्शनी मैदान, नारायणी नदी किनार, नारायणगढ, चितवन ।

**स्टल साईज:**

- साधारण स्टल १०' × ९' = ९० वर्ग फीट
- विशेष स्टल १४ ' × १४ ' = १९६ वर्ग फीट
- अटो स्टल १८ ' × १८ ' = ३२४ वर्ग फीट

**स्टल संख्या:**

- विशेष स्टल ४ वटा
- साधारण स्टल ३५० वटा

**स्टलमा प्राप्त हुने सुविधा:**

- प्लाष्टिक कुर्ची २ थान
- टेबल १
- विद्युत प्वाईन्ट २
- सि.एफ.एल प्वाईन्ट २
- साधारण सजावट

**स्टल बाँडफाँड (Allocation):**

- प्रदर्शन गरिने बस्तु एवं सेवाहरुको प्रकृतिको आधारमा स्टलको बाँडफाँड प्रदर्शक व्यवस्थापन समितिले गर्नेछ । विभिन्न (Pavilion) को व्यवस्था पनि गरिनेछ ।

**सुरक्षा व्यवस्था:**

- मेला परिसरको सुरक्षाको निम्ति आवश्यक सुरक्षाकर्मीहरु आयोजकको तर्फबाट खटाईनेछ । आ-आफ्नो स्टल एवं प्रदर्शीत बस्तुहरुको सुरक्षाको निम्ति प्रदर्शक स्वयं पनि सजग रहनुपर्नेछ ।

**बीमा:**

- चितवन महोत्सव-२०७८ आयोजकको तर्फबाट अग्नि, चोरी र हुलदङ्गा बीमा गरिएको छ । बीमाको हद निम्नानुसार कायम गरिएको छ ।
  - व्यवसायिक स्टलको लागि रु. १ लाखसम्म
  - कृषि प्रतियोगिताका स्टल रु.२५,०००।-
  - रेष्टुरेण्ट व्यवसायको लागि रु.५०,०००।-
- सोभन्दा बढि सामाग्रीहरु भएमा प्रदर्शक स्वयंले आफ्नै तर्फबाट बीमा गराउनु पर्नेछ ।
- स्टलमा रहने सामाग्रीको पूर्ण विवरण पौष २३ गते साँझसम्म आयोजकलाई अनिवार्य रुपले उपलब्ध गराउनुपर्नेछ ।

**स्टल सजावट:**

- सजावट कार्य २०७८ पौष २४ गते साँझ ४:०० बजेसम्म गर्नुपर्नेछ ।
- स्टलभन्दा बाहिर वा माथि कुनै बस्तु, ब्यानर र अन्य सामान राख्न पूर्ण निषेध गरिएको छ ।
- स्टल अगाडि टाँगिने प्रतिष्ठान र संघ संस्थाहरुको नाम भएको ब्यानर राख्दा चितवन महोत्सव-२०७८ को प्रदर्शक व्यवस्थापन समितिले प्रदान गरेको ब्यानर मात्र राख्नुपर्नेछ । सो ब्यानरको माथि वा तल अन्य कुनै प्रचार गर्ने साधन र ब्यानर राख्न पाइने छैन । साथै स्टल ब्यानर तयारीको लागि लाग्ने रकम रु.५००।-(पाँच सय मात्र) स्टल आवेदनसाथ महोत्सव सचिवालयमा बुझाउनु पर्नेछ । स्टलको भित्री भागमा जसको नाममा स्टल बुक गरिएको हो सो नाम उल्लेख भएको ब्यानर मात्र राख्न पाइने छ । अन्य कुनै ब्यानर राख्न पाइने छैन ।

**बस्तु प्रदर्शन:**

- कुनै पनि व्यापारिक फर्मले आवेदन फाराममा उल्लेख भएको बस्तुहरुमध्ये कुनै एक वा दुई बस्तु प्रदर्शन गर्न पाइनेछैन । उल्लेख भएका सम्पूर्ण सामानहरु मध्ये कम्तीमा ६ प्रकारका सामानहरु समानुपातिक हिसाबले प्रदर्शन गर्नुपर्नेछ ।

**डमी प्रदर्शन:**

- डमी प्रदर्शन गर्न चाहने प्रदर्शकहरुले चितवन महोत्सव-२०७८ को सचिवालयमा अग्रिम रकम रु.५,०००।- प्रति डमी प्रति दिन बुझाएर मात्र डमी प्रदर्शन गर्न पाइनेछ । यसरी डमी प्रदर्शन गर्दा नजिकको स्टलहरुलाई बाधा गर्न पाइने छैन ।

**चिठ्ठा, खेल तथा स्किम:**

- प्रदर्शकहरुले आफ्नो स्टलबाट कुनै पनि किसिमको चिठ्ठा वा खेल खेलाउन पाइनेछैन । व्यवसाय प्रबर्द्धनात्मक स्किमहरु खेलाउँदा चितवन महोत्सव-२०७८ को सचिवालयबाट २०७८ पौष २२ गते भित्र लिखित स्विकृत लिएर मात्र स्किमहरु सञ्चालन गर्न पाइनेछ ।

**माइकिङ्ग:**

- सामान्यता चितवन महोत्सव-२०७८ को सचिवालयबाट लिखित स्विकृत नलिई स्टलबाट माइकिङ्ग गर्न पाइनेछैन । लिखित स्विकृत प्राप्त गरेका प्रदर्शकहरुले चितवन महोत्सव-२०७८ को समुद्घाटन कार्यक्रम र समापन कार्यक्रम शुरु हुनुभन्दा कम्तिमा १ घण्टा अगाडि र सो कार्यक्रमहरु समाप्त भएको १ घण्टा पछाडिसम्म माइकिङ्ग गर्न पूर्ण निषेध गरिएको छ । नजिकका स्टलहरुलाई बाधा पर्ने गरी माइकिङ्ग गर्न पनि निषेध गरिएको छ ।

**बियर तथा मदिरा सम्बन्धी:**

- मदिरा तथा बियरको स्टल राख्न स्विकृत प्राप्त गरेका प्रतिष्ठानहरुले प्रदर्शनको लागि मात्र बोतलबन्दी (सिल प्याक भएको) मदिरा र बियर राख्न पाइनेछ । मदिरा र बियरको सिल प्याक खोलेर बिक्रि गर्न पूर्ण निषेध गरिएको छ ।

**रेष्टुरेण्ट सम्बन्धी:**

- मदिरा, बियर र अन्य मध्यपान बिक्रि गर्न तथा बाहिरबाट ल्याएर खान दिन पूर्ण निषेध गरिएको छ । स्टल भन्दा बाहिर खाना बनाउन पाइनेछैन । ग्राहकलाई बस्नको लागि आफ्नो स्टलको सिमाना भित्र पर्ने ठाउँमा १४ फिट × ९ फिट भन्दा बढि ठाउँ नओगट्ने गरी टेबुल र कुर्सी राख्न पाइनेछ ।
- महोत्सव अवधिमा तयार गरिने परिकारहरुको मूल्य सूची (Menu) महोत्सव शुरु हुनुभन्दा २ दिन अघि सचिवालयमा उपलब्ध गराउनु पर्नेछ ।

**स्टल प्रतिनिधिले ध्यान दिनुपर्ने कुराहरु:**

- सामान्यतया राती ६:०० बजेभित्र आ-आफ्नो स्टल बन्द गरिसक्नु पर्नेछ । कारणवश दर्शकहरु बाहिर निस्कन समय लागेको अवस्थामा सामानको सुरक्षालाई ध्यानमा राखी सचिवालयबाट माइकिङ्ग गरी सूचित गरिएको समयसम्म स्टलमा सम्बन्धित प्रदर्शकहरु बस्नुपर्नेछ । प्रत्येक स्टलमा प्रदान गरिएको विद्युत प्वाइन्ट भन्दा बढी प्वाइन्ट आफु खुशीले थप गर्न पूर्ण मनाही छ । बढि प्वाइन्ट आवश्यक परेमा वा विद्युत आपूर्ति सम्बन्धी कठिनाई भएमा मेला व्यवस्थापन समितिलाई सूचित गर्नुपर्नेछ ।
- प्रदर्शकहरुले टर्चलाईट वा इमरजेन्सी लाइट राख्नु पर्नेछ । मैनबत्ती प्रयोग गर्न निषेध गरिएकोछ ।
- स्टलको कुनै पनि भाग कमजोर देखिएमा वा विगैन लागेको भएमा वा कतैबाट क्षति हुने देखिएमा सुरक्षा समितिमा तुरुन्त खबर गर्नुपर्नेछ ।
- प्रदर्शकहरुले आ-आफ्नो स्टलमा बिहान ९:०० बजेदेखि साझ ६:०० बजेसम्म अनिवार्य रुपमा बस्नुपर्नेछ ।
- उद्घाटनको दिन र माघ १ गतेको दिन बिहान ७ बजेभित्र आ-आफ्नो स्टलमा प्रदर्शकहरुको अनिवार्य उपस्थिति हुनुपर्नेछ ।
- सुरक्षाको दृष्टिले प्रदर्शकको तर्फबाट आफ्नो स्टलमा राती कुनै व्यक्ति राख्नु परेमा आन्तरिक सुरक्षा समितिद्धारा प्रदान गरिएको फोटो सहितको परिचय-पत्र लिनुपर्नेछ । परिचय-पत्र नलिएका व्यक्तिलाई राख्न दिइनेछैन । सुरक्षा समितिद्धारा प्रदान गरिएको परिचय-पत्र बाट साँझ ७:०० बजेदेखि बिहान ९:३० बजेसम्म मात्र प्रवेश गर्न दिइनेछ । अरु बेला दिइने छैन ।
- फोहोर व्यवस्थापनको निमित्त परिसर भित्रको फोहोर राख्ने ड्रम प्रयोग गर्नुपर्नेछ । स्टल अगाडि जथाभावी फोहोर गर्न निषेध गरिएको छ ।
- प्रदर्शकहरुले सामान ल्याउंदा गेट नं.२ मात्र प्रयोग गर्नुपर्नेछ ।

**प्रदर्शकहरुको परिचय-पत्र:**

- प्रत्येक स्टललाई फोटो संलग्न भएको ४ वटा परिचय-पत्र एवं २५ बटा पटके पास दिईनेछ । परिचय-पत्रमा फोटो संलग्न गरिएका व्यक्ति बाहेक अन्यले यो परिचय-पत्र प्रयोग गर्न पाइने छैन । फोटो उपलब्ध भएपछि मात्र परिचय-पत्र प्रदान गरिने छ । २०७८ पौष २३ गते १:०० बजेभित्र महोत्सव सचिवालयबाट परिचय-पत्र आफै बुझिलिनु पर्नेछ ।

**स्टल भाडा फिर्ता नहुने अवस्था:**

- स्टल उपलब्ध भइसकेका प्रदर्शकहरु कुनै कारणवश महोत्सवमा सहभागी नभएमा स्टल भाडा बापतको धरौटी रकम फिर्ता दिइने छैन ।

**पार्किङ्ग व्यवस्था:**

- प्रदर्शक एवं दर्शकहरुको सवारी साधनहरुको पार्किङ्गको लागि उचित पार्किङ्ग स्थलको व्यवस्था गरिएको छ ।

**समापन पश्चात सामान फिर्ता लाने व्यवस्था:**

- चितवन महोत्सव-२०७८ को समापन समारोह समाप्त भएको भोलिपल्ट बिहान ७ बजेदेखि १२:३० बजेसम्म आ-आफ्नो सामान लगिसक्नु पर्नेछ । चितवन महोत्सव-२०७८ को व्यवस्थापन समितिबाट प्रदान गरिएको प्लाष्टिक कुर्ची टेबल बुझाई भर्पाई लिनुपर्नेछ ।

धन्यबाद ।

उपारोक्त नियमावलीहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

Bank Account

**Account Name: Chamber of Commerce & Industry-Chitwan**

NMB Bank Limited, Narayangarh Branch
Account No. 1560106692600051

Nepal Bank Limited Narayangarh Branch
Account No. 02400100544252000001